## भेडाबाखापालन प्रवर्द्धन कार्यक्रम संचालन कार्यविधि, २०७३

पृष्ठभूमि :

कुल ग्राहस्थ उत्पादनमा पशुपालन क्षेत्रको ११ प्रतिशत योगदानलाई अझ वृद्धि गर्दै लैजान पशु उत्पादन क्षेत्रलाई निर्वाहमुखीबाट व्यवसायीकरणमा परिणत गर्न र तीव्रतर लगानि विस्तार गरी समग्र व्यवसायलाई नै प्रतिस्पर्धी बनाउन आवश्यक छ। यसका लागि भेडाको उन उत्पादन प्रशोधन तथा बजारीकरण गरी भेडाबाखा पालक कृषकहरुलाई थप बढी प्रतिरपर्धी बनाउनको लागि प्रदान गरिने थप सहयोग तथा कार्यक्रमलाई अझ बढी प्रभावकारी एवं पारदर्शी रुपमा लक्षित वर्गसम्म पुऱ्याउनु र यस व्यवसायलाई आर्थिक उपार्जन, स्वरोजगार प्रर्वद्धन एवं गरिवी न्युनिकरणको माध्यामबाट राष्ट्रिय अर्थव्यवस्थामा ठोस योगदान पुर्याउन पशुपन्छी विकास मन्त्रालयको प्रतिवद्धता र नेपाल सरकारको भेडावाखापालन प्रवर्द्धन नीति तथा कार्यक्रम कार्यक्रमलाई सहज, सरल, पारदर्शी र प्रभावकारी रुपमा संचालन गर्न पशुपन्छी विकास मन्त्रालयले भेडाबाखापालन प्रवर्द्धन कार्यक्रम संचालन कार्यविधि, २०७३ जारी गरेको छ।

### परिच्छेद १

### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

क. यो कार्यविधिको नाम "भेडाबाखापालन प्रवर्द्धन कार्यक्रम संचालन कार्यविधि, २०७३" रहेको छ ।

ख. यो कार्यविधि नेपाल सरकार पशुपन्छी विकास मन्त्रालयवाट स्वीकृत भए पछि प्रारम्भ हुनेछ ।

२. परिभाषा:

क. "मन्त्रालय" भन्नाले पशु पशुपन्छी विकास मन्त्रालय संम्झनुपर्छ ।

ख. "विभाग" भन्नाले पशु सेवा विभाग संम्झनुपर्छ ।

ग. "निर्देशनालय" भन्नाले क्षेत्रीय पशु सेवा निर्देशनालयलाई संम्झनुपर्दछ ।

घ. "कार्यालय" भन्नाले जिल्ला पशु सेवा कार्यालयलाई संम्झनुपर्दछ ।

ङ. "कार्यदल" भन्नाले कार्यालयवाट गठित जिल्ला पशु विकास कार्यदललाई संम्झनुपर्दछ ।

च. "निजि फार्म" भन्नाले एकल स्वामित्वमा रही नेपाल सरकारको कुनै निकायमा कानुन वमोजिम दर्ता भएको फार्म संम्झनुपर्दछ ।

छ. "कार्यक्रम" भन्नाले भेडावाखा प्रवर्द्धन कार्यक्रमलाई संम्झनुपर्छ ।

३. उद्देश्य:

क. नेपाल सरकारको विद्यमान पशुपालन नीति तथा कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

ख. भेडाबाखापालन व्यवसायलाई सहजीकरण, प्रवर्द्धन एवं व्यवसायीकरण गर्नाका लागि आवश्यक प्रविधि तथा सीपलाई लक्षित बर्गसम्म पुऱ्याउन सहयोग स्वरुप टेवा प्रदान गर्ने ।

ग. भेडाबाखापालन व्यवसायवाट थप रोजगारीका अवसरहरु सिर्जना गरी जीवनस्तरमा सुधार गर्ने ।

घ. भेडाबाखाजन्य उत्पादनको परिमाण र गुणस्तरमा सुधार गर्ने तथा उत्पादन लागतमा न्युनिकरण गर्ने ।



20

४. कार्यक्रम अन्तर्गत गरिने क्रियाकलापहरु

यो कार्यविधि अन्तर्गत रही संचालन गरिने क्रियाकलापहरु निम्नानुसार हुनेछन

- क. समूह गठन र अभिमुखिकरण
- ख. भेडाबाख्राको गोठ निर्माण र सुधार
- ग. घुम्ती गोठमा बासस्थानको लागी टहरा निर्माण
- घ. घुम्ती गोठमा सोलार वितरण
- ङ. भेडा गोठमा खानेपानीको पोखरी निर्माण
- च. ऊन काल्ने चर्खा वितरण
- छ. ऊन केलाउने कोरेसो वितरण
- ज. डिजिटल वईङ व्यालेन्स वितरण
- झ. सेयरिङ्ग सिजर वितरण
- ञ. राडी पाखी माड्ने मेशिन वितरण
- ट. डिपिङ टैंक निर्माण
- ठ. कार्पेट ऊन उत्पादन गर्ने जातको क्रस थुमा तथा बोका खरिद तथा वितरण
- ड. ऊनीजन्य उत्पादन विक्रि पसल निर्माण र सुधार
- ढ. पोर्टेवल डिपिङ्ग ट्याङ्क खरिद तथा वितरण
- ण. चरन खर्कमा जाने बाटोको निर्माण सुधार
- त. घुम्ती गोठको लागी टेन्ट वितरण
- थ. भेडामा आन्तरिक तथा बाह्य परजिवि नियन्त्रण, खोप जस्ता सेवाहरु उपलब्ध गराइनेछ ।

## परिच्छेद २

## कार्यक्रम संचालन विधि

५. कार्यक्रम संचालन सम्वन्धि व्यवस्था

५.१ कार्यक्षेत्रः यो कार्यक्रम पहिलो चरणमा बझाङ्ग, बाजुरा र दार्चुला जिल्लामा संचालन हुनेछ । आगामी वर्ष क्रमिक रुपले आवश्यकता अनुसार अन्य जिल्लामा समेत् विस्तारै गरिदै लगिने छ ।

५.२ क्षेत्रीय पशु सेवा निर्देशनालयले अनुसूची १ बमोजिम १५ दिनको म्याद राखी प्रस्ताव आव्हानको सूचना प्रकाशन गर्नेछ । यसै बमोजिम सम्बन्धित कार्यालयले स्थानीय एफ.एम. र सम्वन्धित सेवा केन्द्र मार्फत पनि सूचना प्रवाह गर्नु पर्नेछ ।

५.३ यस्तो प्रस्ताव समूहहरुले सम्वन्धित जिल्लाको पशु सेवा कार्यालयमा पेश गर्नुपर्नेछ ।

५.४ बुंदा २.१.२ बमोजिम प्राप्त हुन आएका प्रस्तावहरु छनौट तथा मुल्याङ्कन गर्न देहाय बमोजिम समिति रहनेछ ।

५.४.१ छनौट तथा मुल्यांकन समिति

जिल्ला पशु सेवा कार्यालयको प्रमुख — संयोजक

जिल्ला पशु सेवा कार्यालयको अधिकृत — सदस्य

योजना शाखा हेर्ने अधिकृत — सदस्य सचिव

५.५ पेश भएका प्रस्तावहरु जिल्ला पशु सेवा कार्यालयको छनौट तथा मुल्याकंन समितिले छनौट गरी अनुमोदनका लागि कार्यदल समक्ष पेश गर्नपर्नेछ ।

५.६ प्रस्ताव पेशगर्न देहाय बमोजिमको मापदण्ड पुरा भएको हुनुपर्नेछ ।

क. भेडाको हकमा १० भेडापालक कृषक सदस्य समूहमा हुनुपर्नेछ।

ख. वाखाको हकमा १० वाखापालक कृषक सदस्य समूहमा हुनुपर्नेछ।

ग. भेडापालन समूहमा कम्तीमा ५०० भेडा भएको हुनुपर्नेछ ।

घ. वाखापालन समूहमा कम्तीमा ३०० बाखा भएको हुनुपर्नेछ ।

५.७ छनौट भई गठन भएका समूहले समुहका अध्यक्ष, कोषाध्यक्ष र सम्वन्धित सेवाकेन्द्र प्रमुखको संयुक्त दस्तखतमा नजिकको बैंकमा खाता खोल्नुपर्नेछ ।

५.८ कार्यक्रम संचालनको लागि अनुदान रकम कार्यालयले समूहको खातामा जम्मा गर्ने छ । २५ प्रतिशत रकम पहिलो किस्ताको रुपमा उपलव्ध गराईनेछ । दोश्रो र तेश्रो किस्ता रकम फिल्ड भेरीफिकेशन र कार्य संपादनका आधारमा खातामा जंम्मा गरिनेछ ।

५.९ कार्यक्रममा सहभागि हुने कृषक तथा समुहले बाली तथा पशु बिमा कार्यविधि २०६९ बमोजिम भेडाबाखाहरु लाई बिमा गर्नुपर्नेछ ।

५.१० प्रस्तावकहरुले सरकारी निकायबाट विगत २ आर्थिक वर्षसम्ममा एकलाख रुपैया भन्दा वढीको नगद तथा वस्तुगत अनुदान सहयोग लिई सकेको भए छनौट प्रकृयामा समावेस गराईने छैन ।

६. आर्थिक नर्मस्: — बजेट रु. हजारमा

क) भेडापालन प्रर्वद्धन कार्यक्रम

| क सं | अनुदान विवरण | इकाई | परिमाण | लागत प्रति एकाई | अधिकतम अनुदान रकम रु. |
|---|---|---|---|---|---|
| १ | समूह गठन | पटक | १ | ५ | ५ |
| २ | भेडाको गोठ निर्माण/सुधार (२० देखी ४९ वटासम्म भेडा भएको) | संख्या | १० | ३० | ३०० |
| ३ | घुम्ति गोठ तथा टहरा निर्माण | संख्या | १ | १०० | १०० |
| ४ | घुम्ति गोठमा सोलार जडान (कम्तिमा २० वाट) | संख्या | १ | २५ | २५ |
| ५ | भेडा गोठमा खानेपानि पोखरी निर्माण | संख्या | १ | १५० | १५० |
| ६ | ऊन काट्ने चर्खा वितरण | संख्या | १० | ३ | ३० |
| ७ | भेडाको रौं कोर्ने काइयो | संख्या | १० | ३ | ३० |
| ८ | ऊन केलाउने कोरिसो | संख्या | १० | २ | २० |



20

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | सेयरीङ सिजर खरिद तथा वितरण | संख्या | १० | ३ | ३० |
| १० | डिपिङ ट्याङ्क निर्माण | संख्या | १ | १५० | १५० |
| ११ | ऊन उत्पादन गर्ने जातको ऋस थुमा खरिद तथा वितरण (ढुवानि समेत) | संख्या | ५ | २० | १०० |
| १२ | घुम्ति गोठको लागि टेण्ट वितरण | संख्या | १ | २० | २० |
| १३ | खोप (पि पि आर) (सुई सहित) | संख्या | ५०० | ०.०१५ | ८ |
| १४ | आन्तरिक परजिवि नियन्त्रण | पटक | ३ | ९ | २७ |
| १५ | बाह्य परिजिवि नियन्त्रणको लागि औषधि खरिद | पटक | २ | ३ | ५ |
| | जम्मा | | | | १००० |

ख) बाख्रापालन प्रर्वद्धन कार्यक्रम प्रति समुहको लागि

| क्र सं | अनुदान विवरण | इकाई | परिमाण | लागत प्रति एकाई | अधिकतम अनुदान रकम रु |
|---|---|---|---|---|---|
| १ | समूह गठन | पटक | १ | ५ | ५ |
| २ | बाख्राको गोठ निर्माण/सुधार | संख्या | २० | ३० | ६०० |
| ३ | ३ दिने बाख्रापालन तालिम (स्थलगत) | पटक | १ | ३० | ३० |
| ४ | डिपिङ ट्याङ्क निर्माण | संख्या | १ | १०० | १०० |
| ५ | प्रजनन् योग्य बोका खरिद तथा वितरण (ढुवानि समेत) | संख्या | ५ | २० | १०० |
| ६ | खोप (पि पि आर) (सुई सहित) | संख्या | ३०० | ०,०१५ | ५ |
| ७ | आन्तरिक परजिवि नियन्त्रण | पटक | ४ | ९ | ३६ |
| ८ | बाह्य परिजिवि नियन्त्रणको लागि औषधि खरिद | पटक | ३ | ३ | ९ |
| ९ | डिजिटल वइङ मेशिन | संख्या | १ | ३५ | ३५ |
| १० | ड़ाले घाँसको विरुवा | संख्या | १००० | ०.०१ | १० |
| ११ | घासको सेट्स (नेपियर, अमृसो आदि) | सेट्स | १५ | ०.००३ | ० |
| १२ | घाँसको वीउ खरिद तथा वितरण (राई घाँस, कक्सफुट, व्हाइटक्लोभर आदि) | हेक्टर | २० | २ | ४० |
| १३ | बर्डिजो क्यास्ट्रेटर | संख्या | २ | १५ | ३० |
| | जम्मा | | | | १००० |

७. आर्थिक प्रशासन

कार्यक्रमको लेखा, लेखाकंन, लेखा परिक्षण तथा आर्थिक कारोबार गर्दा आर्थिक कार्यविधि ऐन, २०५५ आर्थिक कार्यविधि नियमावली, २०६४, सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम गरिनेछ।

८. अनुगमन, मुल्यकंन तथा प्रतिवेदन सम्बन्धि व्यवस्था

यस कार्यक्रमको अनुगमन, मुल्याकंन पशुपन्छी विकास मन्त्रालय, पशु सेवा विभाग, पशु उत्पादन निर्देशनालय, क्षेत्रीय पशु सेवा निर्देशनालय र जिल्ला पशु सेवा कार्यलयले गर्नेछ र सोको मासिक प्रतिवेदन र प्रगति सम्बन्धित क्षेत्रीय पशु सेवा निर्देशनालयमा पठाउनु पर्ने छ। मासिक, चौमासिक तथा बार्षिक प्रगति प्रतिवेदन लगायतका उपलब्धीहरु पशु सेवा विभाग मार्फत मन्त्रालयमा पठाउनु पर्ने छ ।

९. थपघट वा हेरफेर गर्न सक्ने

१. यो कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी वनाउन मन्त्रालयले आवश्यकता अनुसार थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछ ।

२. यस कार्यविधिको कार्यान्वयमा कुनै वाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो वाधा अवरोध फुकाउने प्रयोजनका लागि मन्त्रालयले आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ ।

अनुसूची - १

प्रस्ताव आह्वानको सूचनाको ढाँचा

क्षेत्रीय पशु सेवा निर्देशनालय दिपायलको समन्वयमा जिल्ला पशु सेवा कार्यालयहरु बझाङग बाजुरा र दार्चुला को आ.व. २०..... / को वार्षिक स्वीकृत भेडा विकास तथा संरक्षण कार्यक्रम संचालन गर्नको लागि ................ जिल्लामा वसोवास गरेका व्यक्ति/समुह समिति प्रस्ताव आह्वानको लागि यो सार्वजनिक सूचना प्रकाशित गरीएको छ । इच्छुक उल्लेखित समुह/समितिले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र तपशिलमा उल्लेखित विवरण सहितको आवेदन फाराम सम्बन्धित जिल्ला पशु सेवा कार्यालयमा पेश गर्न हुन जानकारी गराईन्छ । प्रस्तावकहरुले सरकारी निकायवाट विगत २ आर्थिक वर्षसम्ममा एकलाख रुपैया भन्दा माथीको नगद तथा वस्तुगत अनुदान सहयोग लिई सकेको भए छनौट प्रकृयामा समावेस गराईने छैन । विस्तृत जानकारीका लागि सम्बन्धित जिल्ला पशु सेवा कार्यालयमा वा क्षेत्रीय पशु सेवा निर्देशनालयमा सम्पर्क राख्नु हुन अनुरोध छ ।

क) संलग्न हुनुपर्ने कागजातहरु:

१. आवेदन फाराम
२. कार्ययोजना सहितको प्रस्ताव
३. नेपाली नागरिकताको प्रतिलिपी
४. जिल्ला पशु सेवा कार्यालय वा अन्य सम्बन्धित निकायमा फार्म दर्ता भएको भए आवश्यक कागजातका प्रतिलिपिहरु



20

अनुसूची – २

५. समूह छनौट गर्दा अपनाईने मूल्यांकनका आधारहरु

| क्र.सं. | द.नं. | आवेदक संस्थाको नाम | ठेगाना | मूल्याङ्कन (१०० पूर्णाङ्कमा गर्ने) | | | | | कुल प्राप्ताङ्क (१००) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | समूहमा भेडाबाखाको संख्या (३०) | उद्यमीको व्यवसाय प्रतिको अनुभव/तालिम (१०) | पेश गरेको कार्ययोजना (४०) | उक्त स्थानमा व्यवसायको सम्भाव्यता उपयूक्ता (१०) | वास्तविक लक्षित वर्ग (दलित जनजाति महिला) (१०) | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

पुनश्चयः तालिमको मूल्याङ्कन गर्दा एक समूहमा १० जना भन्दा बढी सदस्य भएमा पनि १० जना कृषकको मात्र मुल्याङ्कन गरिनेछ।

तालिम ३ दिन सम्मको लागि प्रति कृषक ०.३

तालिम ७ दिनेको लागि प्रति कृषक ०.५

तालिम ७ भन्दा बढीका लागि प्रति कृषक १

छनौट समितिका पदाधिकारीहरुको नाम, थर, पद, दस्तखत र मिति :

## अनुसुचि ३

## संम्झौता पत्र

जिल्ला पशु सेवा कार्यालय.......को स्वीकृत कार्यक्रमनुसार आ.व............ मा संचालन हुने........ कार्यक्रमका लागि छनौट भएका फार्म वा कृषक......... (यस भन्दा पछाडि दोश्रो पक्ष भनिने) र जिल्ला पशु सेवा कार्यालय.......(यस भन्दा पछाडि पहिलो पक्ष भनिने ) बीच तपशिलका सर्तहरुको अधिनमा रहि कार्यक्रम संचालन गर्न द्धिपक्षीय संम्झौता भएको छ तपसिल :

१. कार्ययोजना अनुसार कार्यक्रम र क्रियाकलापहरु तोकिएको अवधीमा सम्पन्न गर्नु दोश्रो पक्षको जिम्मेवारी हुनेछ ।

२. पहिलो पक्षले दोश्रो पक्षलाई कार्यक्रम संचालनको लागि दिनुपर्ने अनुदान रकम सेवाकेन्द्र प्रमुख सहितको संयुक्त दस्तखतमा खोलिएको समुहको खातामा जम्मा गर्ने छ । खातामा जम्मा गर्दा पहिलो किस्ता २५ प्रतिशत रकम उपलव्ध गराईनेछ दोश्रो र तेश्रो किस्ता रकम फिल्डभेरीफिकेशन पछि संझौता अनुसारको कार्यसंपादन भएपछि मात्र उपलव्ध गराईनेछ ।

३. पहिलो पक्षवाट तोकिएको प्राविधिक विषयवस्तुलाई दोश्रो पक्षले अनिवार्य रुपमा पालना गर्नुपर्ने छ ।

४. पहिलो पक्षवाट प्राप्त अनुदान सहयोगलाई दोश्रो पक्षले कम्तिमा पनि ३ वर्षसम्म मास्न वा दुरुपयोग गर्न पाउने छैन र त्यसो गरेको पाईएमा निजको सो रकम असुल उपरको लागि प्रचलित कानुन वमोजिमआवश्यक कारवाही गरिनेछ । व्यवसायवाट उत्पादित बस्तुको बजार व्यवस्था दोश्रो पक्ष स्वंयमले नै गर्नुपर्नेछ।

५. पहिलो पक्षले नियमित रुपमा अनुदान प्राप्त गर्नेको अनुगमन गर्नेछ।

६. दोश्रो पक्षले चौमासिक रुपमा प्रगति विवरण सम्वन्धित जिल्ला पशु सेवा कार्यालयमा बुझांउनुपर्ने छ ।

७. यस संम्झौतामा उल्लेखित काम गर्दा परि आउन सक्ने कुनै पनि भवितव्यको पुर्ण जिम्मेवारी दोश्रो पक्ष स्वयम् हुनेछ ।

८. जिल्ला पशु सेवा कार्यालयले आवश्यक ठानेका अन्य विषयवस्तु थप हुन सक्नेछन्

९. अनुदान रकमको दुरुपयोग भएको पाईएमा दोश्रो पक्षवाट सो रकम असुल उपरको लागि प्रचलित कानुन वमोजिम आवश्क कारवाही गरिने छ ।

प्रथम पक्ष
जिल्ला पशु सेवा कार्यालयको तर्फवाट सहि गर्नेको
नाम :
पद :
दस्तखत :
मिति :
कार्यालयको छाप:

रहोवर

दोश्रो पक्ष तर्फवाट सहि गर्नेको नाम
नाम :
पद :
दस्तखत :
मिति :
संस्थाको छाप: